# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाण्डौ

मिति: २०७४/०९/०९ गते

## प्रेस विज्ञप्ति

### विषय: घुस रकम सहित नियन्त्रणमा लिईएको ।

---

यातायात व्यवस्था कार्यालय सुकेधारा काठमाडौंमा कार्यरत नायव सुव्बा यादव पौडेल र खरिदार सुमन पोखेलले साउदी अरेवियन सवारी चालक अनुमति-पत्रको आधारमा नेपाली सवारी चालक अनुमति-पत्र बनाई दिने (नेपालीकरण गर्ने ) प्रयोजनको लागि सेवाग्राहीसंग विभिन्न बहानामा घुस रिसवत माग गरिरहेको भन्ने सूचना एवम् उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, टंगाल, काठमाण्डौबाट खटिइ गएको टोलीले निजहरुलाई लेखापढी व्यवसायी अशोक कार्की मार्फत घुस रकम वापतको रु. ३२,०००/- ( बत्तीस हजार ) लिइसकेको अवस्थामा कार्यालय परिसरबाट तिनै जनालाई नियन्त्रणमा लिइ अनुसन्धान भइरहेको छ ।

(विष्णु प्रसाद पोखरेल)
सह-सचिव एवं प्रवक्ता